# बकैया गाउँकार्यपालिकाको मिति २०७६।१२।२४ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. कोरोना प्रभावितलाई राहत वितरण कार्यविधि, २०७६ सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा कोरोना भाइरस नियन्त्रणका लागि नेपाल सरकारले लागू गरेको लकडाउनको अवधिमा यस गाउँपालिका क्षेत्रमा दैनिक ज्यालादारी गरेर गुजारा गर्ने वासिन्दाहरुलाई राहत स्वरुप दैनिक आवश्यक पर्ने खाद्यान्न लगायतका सामाग्रीहरु विधिसम्मत ढंगले वितरणका लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा उपलब्ध गराईएको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ संशोधन सहित पारित गरि कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**२. कोरोना नियन्त्रण विपद व्यवस्थापन कोष सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाले चालु आर्थिक वर्ष २०७६।७७ को बजेटमा विपद व्यवस्थापन शिर्षकमा रु. ४०,००,०००।- विनियोजन गरेकोमा हाल विश्वव्यापी रुपमा महामारीको रुप लिँदै गएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिमलाई नियन्त्रणका लागि आवश्यक तयारी र सामाग्री खरिदका लागि तथा लक डाउनका कारण प्रभावित दैनिक ज्यालादारी गरेर गुजारा गर्ने वासिन्दाहरुलाई राहत वितरणका लागि सोहि शिर्षकको रकम परिचालन गर्ने निर्णय गरियो । साथै उक्त कोषमा रकम जम्मा गर्न चाहने तथा खाद्य सामाग्री उपलब्ध गराउन चाहने सबै सामाजिक संघ संस्था, उद्योग, निकाय तथा व्यक्तिहरुलाई सहयोगको लागि आव्हान समेत गर्ने निर्णय गरियो ।

**३. सामाग्री खरिद तथा आवश्यक तयारी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को माहामारीको संक्रमण नियन्त्रणको पुर्वतयारी र रोकथाम गर्न हालसम्म गरिएका सामाग्री खरिद कार्य तथा क्वारेन्टाईन निर्माण लगायतका कार्यहरुको उच्च मूल्यांकन गर्दै यस विशेष परिस्थितीमा आवश्यक थप सामाग्री तथा औषधीहरु यथाशिघ्र खरिद गरि तयारी अवस्थामा रहने सर्वसम्मत निर्णय गरियो ।

**४. विपद व्यवस्थापन समितीको निर्णय अनुमोदन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को माहामारीको संक्रमण नियन्त्रण सम्बन्धमा गाउँ विपद व्यवस्थापन समितीको हालसम्मका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्दै यस सम्बन्धमा नेपाल सरकार तथा बागमती प्रदेश सरकारको निर्णयहरु यस गाउँपालिका क्षेत्रमा पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**५. स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई पोशाक भत्ता उपलब्ध गराउने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुमा कार्यरत सेवा करारमा लिइएका तपशिल बमोजिमका कर्मचारीहरुलाई चालु आर्थिक वर्ष २०७६।७७ का लागि तपशिल बमोजिम पोशाक भत्ता रकम उपलब्ध गराउने निर्णय गरियो ।

खनाल

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

## तपशिल

| क्र.सं. | नाम | पद | सेवा शुरु गरेको मिति | पोशाक भत्ता रु. |
|---|---|---|---|---|
| १ | ईन्दिरा दहाल | अ हे व | २०७३।११।२० | १०,०००।- |
| २ | सोमलाल भुलुन | अ हे व | २०७६।०३।१७ | १०,०००।- |
| ३ | एलिना राई | अ न मी | २०७५।०७।२८ | १०,०००।- |
| ४ | विनिता कुमारी स्याङ्तान | अ न मी | २०७६।०३।१७ | १०,०००।- |
| ५ | निशा दंगाल | अ न मी | २०७६।०३।१७ | १०,०००।- |
| ६ | कृष्ण माया स्याङतान | कार्यालय सहयोगी | २०७४।८।१ | १०,०००।- |
| ७ | राकेन्द्र थिङ | " | २०७३।१०।१२ | १०,०००।- |
| ८ | बुद्धिमान गोले | " | २०७३।१०।१२ | १०,०००।- |
| ९ | पार्वती चौलागाई | " | २०७३।१०।१२ | १०,०००।- |
| १० | आस्था थापा मगर | " | २०७४।४।०१ | १०,०००।- |
| ११ | रोजिना तामाङ्ग | " | २०७५।०९।०८ | १०,०००।- |
| १२ | सुनमाया भोम्जन | " | २०७४।०४।०१ | १०,०००।- |
| १३ | कृष्ण बहादुर जिम्बा | अ हे ब | २०७४।०४।०१ | १०,०००।- |
| १४ | सर्मिला जिम्बा | अ न मी | २०७४।९।२३ | १०,०००।- |
| १५ | स्मृती लामा | अ न मी | २०७५।०७।२८ | १०,०००।- |
| १६ | गीता मंग्रान्ती | अ न मी | २०७४।०४।०१ | १०,०००।- |
| १७ | अनिता घिमिरे | अ न मी | २०७४।९।२० | १०,०००।- |
| १८ | मनराज जिम्बा | अ हे ब | २०७६।०३।१७ | १०,०००।- |
| १९ | विना कुमारी स्याङ्तान | अ न मी | २०७५।०१।१२ | १०,०००।- |
| २० | शान्ती कुमारी स्याङ्तान | अ न मी | २०७५।०७।२८ | १०,०००।- |
| २१ | हेमलाल माझी | अ हे ब | २०७६।०३।१७ | १०,०००।- |
| २२ | सोमजित माया जिम्बा | कार्यालय सहयोगी | २०७४।०३।०१ | १०,०००।- |

...दर खनाल

बकैया गाउँपालिका